# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७ ) काठमाडौं, माघ १८ गते २०४४ साल ( संख्या ४१


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले ऋण तथा जमानत ऐन, २०२५ को दफा ५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी काँचो छाला संकलन तथा विकास संस्थान लिमिटेडलाई श्री ५ को सरकारको जमानतमा नेपाल औद्योगिक विकास निगमले उपलब्ध गराइएको रू. ४९,२४,०००।– (उनन्चास लाख चौबीस हजार) को ऋणमा लाग्ने जमानत कमिशन पूर्णरूपले मिन्हा दिएको छ ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी विकास कोषअन्तर्गत म्यूजीयम, पुस्तकालय, सेन्ट्रल लिंक ब्रीज र तत्सम्बन्धी थप निर्माण कार्यको लागि लुम्बिनी विकास कोषको सिफारिशमा प्राप्त इन्भ्वाइसबमोजिम लगत राख्ने गरी साम्बु कन्स्ट्रक्सन कम्पनी लिमिटेडले आयात गर्ने निर्माण सामग्रीहरूमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,

लोकबहादुर श्रेष्ठ

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।